# निर्वाचन आयोग, नेपाल

## उम्मेदवारलाई सवारी साधन प्रयोग गर्न अनुमति दिने सम्बन्धी सूचना

निर्वाचन आचार संहिता, २०७८ मा उम्मेदवारले निर्वाचन अधिकृतबाट अनुमतिपत्र लिएर मात्र निर्वाचन प्रचार प्रसारको लागि सवारी साधन प्रयोग गर्न पाउने व्यवस्थालाई कार्यान्वयन गर्ने विषय निर्वाचन आचार संहिता कार्यान्वयन कार्यविधि, २०७९ मा समावेश गरिएको छ । सो कार्यविधि आयोगबाट मिति २०७९।१।१७ मा स्वीकृत भई वेबसाइट मार्फत सार्वजनिक गरी सकिएको छ ।

सो कार्यविधिमा देहायका उम्मेदवारको लागि देहाय बमोजिमको सवारी साधन प्रयोग गर्न अनुमतिपत्र दिन सकिने व्यवस्था गरिएको छ :-

(क) महानगरपालिका तथा उपमहानगरपालिकाका प्रमुख वा उप्रमुखको लागि बढीमा दुई वटा दुईपाङग्रे वा तीनपाङग्रे वा चारपाङग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन,

(ख) नगरपालिकाका प्रमुख, उपप्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षको लागि एउटा दुईपाङग्रे वा तीनपाङग्रे वा चारपाङग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन,

(ग) महानगरपालिका तथा उपमहानगरपालिकाका वडा अध्यक्ष तथा वडा सदस्यका लागि उम्मेदवार भएको वडाभित्र मात्र प्रयोग गर्ने गरी एउटा दुईपाङग्रे वा तीनपाङग्रे वा चारपाङग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन,

(घ) नगरपालिका तथा गाउँपालिकाका वडा अध्यक्ष तथा वडा सदस्यका लागि उम्मेदवार भएको वडाभित्र मात्र प्रयोग गर्ने गरी एउटा दुईपाङग्रे सवारी साधन,

(ङ) विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने सवारी साधन नचल्ने गाउँपालिका वा नगरपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुखका लागि दुई वटा घोडा र वडा अध्यक्ष वा वडा सदस्यको लागि एउटा घोडा ।

कार्यविधिमा भएको व्यवस्था बमोजिम सवारी साधन प्रयोगको लागि सम्बन्धित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले अनुसूची-१ बमोजिमको ढाँचामा निर्वाचन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ र यसरी परेको निवेदनको आधारमा सम्बन्धित निर्वाचन अधिकृतले उल्लिखित सङ्ख्यामा नबढ्ने गरी अनुसूची-२ बमोजिमको ढाँचामा सवारी साधन प्रयोग गर्ने अनुमतिपत्र जारी गर्नु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल